# स्थानीय राजपत्र

सन्धिखर्क नगरपालिका अर्घाखाँचीद्वारा प्रकाशित

खण्ड ४, संख्या १७, मिति २०७७/०७/०५

# भाग२-

# सन्धिखर्क नगरपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा बमोजिम सन्धिखर्क (३)नगरपालिकाको नगरकार्यपालिकाले बनाएको बाली तथा पशुधन बीमा प्रिमियममा अनुदान कार्यक्रम संचालन कार्यविधि-२०७७ सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# बाली तथा पशुधन बीमा प्रिमियममा अनुदान कार्यक्रम संचालन कार्यविधि-२०७७

**प्रस्तावनाः**

कृषि तथा पशुपालन व्यवसायमा भएका जोखिमहरु कम गरी ती व्यवसायतर्फ कृषकहरुलाई आकर्षण गर्न कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी बढाउन आवश्यक भएकोले कृषिको व्यवसायीकरणका लागि जोखिम न्यूनीकरण गरी कृषकले पशुपन्छी र कृषि उपजमा गरेको लगानीलाई सुरक्षित गर्न माछा, पशुपन्छी र बाली बिमा कार्यक्रममा कृषकले तिरेको बिमा प्रिमियमबापतको ७५% रकम संघीय सरकारले व्यहोर्दै आएको सन्दर्भमा यस सन्धिखर्क नगरपालिकाले आ.ब.२०७७/७८ मा बाली तथा पशुधनको बिमा प्रिमियमबापत कृषकले तिर्ने बीमा शुल्कको २५% बीमा प्रिमियम रकमको ५०% रकम नगरपालिकाले व्यहोर्ने गरि बजेट विनियोजन भए अनुसारको कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

सन्धिखर्क नगरकार्यपालिकाले सन्धिखर्क नगरपालिकाको कृषि तथा पशु व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ को दफा ३६ दिएको अधिकार प्रयोग गरी नगरकार्यपालिकाले **बाली तथा पशुधन बीमा प्रिमियममा अनुदान कार्यक्रम**लाई सरल, सहज,व्य वस्थित, प्रभावकारी र पारदर्शी रुपले कार्यान्वयन गर्न यो कार्यविधि जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "**बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान कार्यक्रम संचालन कार्यविधि-२०७७**"रहेको छ।

(ख) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखी लागू हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "बाली"भन्नाले धानबाली, तरकारी, फलफूल, आलुबालीलाई सम्झनुपर्नेछ ।

(ख) "पशुधन"भन्नाले घरपालुवा पशु र पन्छीहरु जस्तै गाई, भैंसी, बाखा,भेडा, कुखुरालाई सम्झनुपर्नेछ ।

(ग) "नगरपालिका"भन्नाले सन्धिखर्क नगरपालिका सम्झनुपर्नेछ।

(घ) "कृषि तथा पशु सेवा शाखा" भन्नाले सन्धिखर्क नगरपालिकाको कृषि तथा पशु सेवा शाखा सम्झनुपर्नेछ।

(ङ) "कार्यविधि" भन्नाले **बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान कार्यक्रम संचालन कार्यविधि-२०७७** सम्झनुपर्नेछ।

३. **उद्देश्यहरुः**

(क) कृषकको काबुभन्दा बाहिरको परिस्थितीबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गरी कृषकहरुलाई व्यावसायिक खेती तथा पशुपालनतर्फ आकर्षित गर्न सहयोग गर्ने,

४. **कार्यक्रम संचालन हुने स्थानहरुः**यस सन्धिखर्क नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाहरु।

५. **कार्यक्रमको अवधिः** यस कार्यक्रमको अवधि एक आर्थिक वर्षको हुनेछ।

**६. कार्यक्रम लागू हुने पशु तथा बालीः**

(क) गाई

(ख) भैंसी

(ग) बाख्रा

(घ) भेडा

(ङ) बङ्गुर

(च) लेयर्स कुखुरा

(छ) धानबाली

(ज) तरकारी बाली

(झ) आलुबाली

(ञ) फलफूल बाली

**६. कार्यक्रम संचालनको लागि कृषक छनोटका आधारहरुः**

(क) सन्धिखर्क नगरपालिकाभित्र कृषि तथा पशुपालन व्यवसाय गरेको हुनुपर्नेछ।

(ख) बीमा ऐन, २०४९ बमोजिम दर्ता भएको बिमा कम्पनीबाट बिमा गरेको हुनुपर्दछ।

(ग) बजेट विनियोजित भएको आर्थिक वर्षभित्र बीमा गरिएको हुनुपर्नेछ।

**७. कार्यक्रम संचालन प्रक्रियाः**

(क) कार्यक्रमको बजेट स्वीकृत भएपछि सन्धिखर्क नगरपालिका कृषि तथा पशु सेवा शाखाले अनुसुची-१ बमोजिम सार्वजनिक सूचना आव्हान गर्नेछ।

(ख) अनुदान प्राप्त गर्न इच्छुक कृषकले बाली तथा पशुपन्छी बीमा गरी कृषि तथा पशु सेवा शाखाले उपलब्ध गराएको अनुसुची-२ बमोजिम ढाँचाको निवेदन पेस गर्नुपर्नेछ।

(ग) कृषि तथा पशु सेवा शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट निवेदन स्वीकृत गरिनेछ।

(घ) आषाढ मसान्त अगावै यस कार्यक्रमका लागि विनियोजित सम्पूर्ण बजेट खर्च भएमा कार्यक्रम स्वतः समाप्त हुनेछ।

(ङ) बाली तथा पशुधन बीमा कार्यक्रमबाट कृषकहरुले कृषि तथा पशु बिमा प्रिमियमबापत तिर्ने बीमा शुल्कको २५% रकमको ५०% रकम सन्धिखर्क नगरपालिकाले उपलब्ध गराउनेछ।

८. **भुक्तानी प्रक्रियाः बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान कार्यक्रम**को भुक्तानी प्रक्रिया नगर कृषि तथा पशु सेवा शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गरि कृषि तथा पशु सेवा शाखाले लेखाशाखाबाट एकमुष्ठ चौमासिक रुपमा अनुमानित रकम पेश्की लिई कृषि तथा पशु सेवा शाखाबाट कृषकलाई बीमा प्रिमियम बापत तिरेको रकमको ५०% रकम भरपाई गरि भुक्तानी गरिनेछ।

# अनुसुची-१

## बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान कार्यक्रमका लागि दरखास्त आव्हानको सूचना

सन्धिखर्क नगरपालिका कृषि तथा पशु सेवा शाखाको आ.ब. २०....../...........को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषकको काबुभन्दा बाहिरको परिस्थितिबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गरि कृषकहरुलाई व्यावसायिक खेती तथा पशुपालन तर्फ आकर्षित गर्न सहयोग गर्न **बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान कार्यक्रम** रहे अनुसार तोकिए बमोजिमका मापदण्डहरु पुरा गरेका कृषकहरुबाट आवेदनका लागि यो सूचना प्रकाशित गरिएको छ।इच्छुक कृषकले यो सूचना प्रकाशन भएको मितिले कार्यक्रम समाप्तिको सूचना प्रकाशन नहुँदा सम्म तोकिएको ढाँचा अनुसारको आवेदन फारम कृषि तथा पशु सेवा शाखामा पेस गर्नुहोला । विस्तृत जानकारीको लागि सन्धिखर्क नगरपालिकाको कृषि तथा पशु सेवा शाखा ............................ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।

मापदण्ड/आधारहरुः

- सन्धिखर्क नगरपालिका भित्र कृषि तथा पशुपालन व्यवसाय गरेको हुनुपर्नेछ।
- बीमा ऐन, २०४९ बमोजिम दर्ता भएको बीमा कम्पनीबाट बीमा गरेको हुनुपर्दछ।
- बजेट विनियोजित भएको आर्थिक वर्षभित्र बीमा गरिएको हुनुपर्नेछ ।

आवश्यक कागजातहरुः

- सन्धिखर्क नगरपालिका कृषि तथा पशु सेवा शाखाले उपलब्ध गराएको ढाँचाको निवेदन ।
- पशु बिमा प्रमाण पत्रको प्रतिलिपि ।
- वडा कार्यालयबाट सन्धिखर्क नगरपालिकाभित्र कृषि तथा पशुपालन गरेको व्यहोरा सहितको सिफारिस।
- दर्ता फर्म भएमा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

## अनुसुची-२

मितिः....................

श्रीप्रमुख प्रशासकीय अधिकृतज्यू,
सन्धिखर्क नगरकार्यपालिकाको कार्यालय सन्धिखर्क,अर्घाखाँची ।

विषयः बीमा प्रिमियम अनुदान रकम पाउँ ।

उपरोक्त सम्बन्धमा यस सन्धिखर्क नगरपालिका कृषि तथा पशु सेवा शाखाको आ.ब.२०...../..... मा स्वीकृत बाली तथा पशुधन बिमा प्रिमियममा अनुदान कार्यक्रमको अनुदान रकमका लागि यसै निवेदन साथ तपसिलका कागजातहरु संग्लग्न राखी यो निवेदन पेस गरेको छु ।

तपसिलः

१.पशु बीमा प्रमाण पत्रको प्रतिलिपि।

२.वडा कार्यालयबाट सन्धिखर्क नगरपालिकाभित्र कृषि तथा पशुपालन गरेको व्यहोरा सहितको सिफारिस ।

निवेदक
हस्ताक्षरः
कृषकको नाम,थरः
कृषकको ठेगानाः
सम्पर्क नं.:

प्रमाणीकरण मिति २०७७/०७/०४

आज्ञाले
कृष्णप्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत